# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
५२०३२६
५२२०३६
दमकल : ५२०३०५


तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

## जडिवुटी, कवाडी,जीवजन्तुको ब्यावसायिक उपयोग कर उठाउने सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सुचना

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**(प्रथम पटक प्रकाशित मिति २०७९।०२।२४)**

नेपालको संविधान को अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ एवं तुलसीपुर उप महानगरपालिका दाङको मेयर स्तरीय निर्णयानुसार तुलसीपुर उप महानगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका वस्तुहरुमा तोकिए वमोजिमको दरमा ब्यावसायिक उपयोग कर अशुल उपर गर्न आ.व.२०७९/०८० को लागि ठेक्का आव्हान गरिएको छ । मूल्य अभिबृद्धी करमा दर्ता भएका इच्छुक फर्म वा निकायले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयबाट तोकिए बमोजिमको दस्तुर तिरी (फिर्ता नहुने गरी) दर्ता प्रमाणपत्र सहित बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको १२.०० बजे भित्र रितपूर्वकको विद्युतीय बोलपत्र पेश गर्न सूचित गरिन्छ ।

| ठे.नं. | ठेक्काको किसिम | न्यूनतम अंक(भ्याट वाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|
| रा ३९/०७८/७९ | जडिवुटी, कवाडी,जीवजन्तुको ब्यावसायिक उपयोग कर ठेक्का | २४,२०,०००।- | ३,०००।- |

**शर्त तथा वन्देजहरु :**

१) बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% ले हुने **धरौटी रकम** यस उप महानगरपालिका तुलसीपुर, दाङको मेघा बैंक नेपाल **स्थित धरौटी खाता नं. ०३८००१००७९१७८ मा** जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

२) बोलपत्रमा आफूले कवोल गरेको अंक र अक्षरमा प्रष्ट संग लेखी सही छाप गरी पेश गर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

३) बोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ । बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

४) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र कवोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर वापतको रकम १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजश्व कार्यालय तुलसीपुर, दाङमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका वखत एकमुष्ट पेश गर्नु पर्नेछ । साथै वांकी ५०% दोश्रो किस्ता वापतको रकम २०७९ साल चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ ।

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
५२०३२६
५२२०३६
दमकल : ५२०३०५


संझौता गर्दा उक्त दोश्रो किस्ता रकम बराबरको २०८० साल श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । तोकिएको समयभित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टीबाट (परफरमेन्स वण्ड) किस्ता रकम अशुल उपर गरि अर्को व्यवस्था गर्न सकिनेछ । यसमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

५) ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्वन्धी कुरामा बिवाद पर्न आएमा तुलसीपुर उप महानगरपालिका, दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

६) ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरु बुझाई सकेको (करचुक्ता) प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी वा जमानी फुकुवा गरिने छ ।

७) आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

८) कुनैपनि वहानामा अस्थायी चलनपूर्जी दिन कार्यालय वाध्य हुने छैन ।

९) संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

१०) दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्वन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ तर राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुनेगरी कुनै काम गर्न/गराउन पाइने छैन ।

११) यस कार्यालयलाई बुझाउनु पर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइने छैन तर संघीय सरकार, प्रदेश सरकार, वा न्यायिक निकायवाट कुनै श्रोत संकलन तथा उपयोगमा वन्देज लगाएमा तुलसीपुर उप महानगरपालिका कार्यपालिका वैठकको निर्णय वमोजिम वन्देज लगाएको दिनको मात्र दामासाहीले हिसावगरी रकम मिलान/फिर्ता गर्न सकिनेछ ।

१२) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप महानगरपालिका दाङमा सुरक्षित रहनेछ ।

१३) रसिदहरु आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र यस कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१४) प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै आफ्नो तर्फबाट वेहोर्नु पर्नेछ ।

१५) कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै ठेक्काको अवधि २०८० साल आषाढ मसान्त सम्म मात्र हुनेछ ।

१६) उपरोक्त न्यूनतम अंकमा मूल्य अभिबृद्धी कर (VAT) समावेस नभएकोले ठेकेदारले व्यावसायिक उपयोग कर असूल गर्दा तोकिए वमोजिमको मूल्य अभिबृद्धी कर (VAT) समेत समावेस गरी असूल उपर गर्नु पर्नेछ ।

१७) ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

१८) यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सरकारी रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० नियमावली २०२२ र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ र अन्य संशोधन तथा प्रचलित कानून वमोजिम हुनेछ ।

मोहन पौडेल
प्रशासकीय अधिकृत